# सञ्चार माध्यममा प्रकाशित बालबालिका सम्बन्धी विभिन्न घटनाहरूको चौमासिक विश्लेषण

## साउन - कार्तिक २०७४


नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, ललितपुर

फोन नं.:- ०१-५०१००४५/४६

वेभ साईटः- www.ccwb.gov.np

ईमेलः–crmccwb@gmail.com


# पृष्ठभूमि


यस केन्द्रीय बालकल्याण समितिले विगत तीन वर्षदेखि विभिन्न सञ्चार माध्यमबाट प्रकाशमा आएका बालबालिकासँग सम्बन्धित केहि महत्वपूर्ण घटनाहरुलाई समेटेर विश्लेषण गर्दै आइरहेको छ । यसैक्रममा २०७४ साउनदेखि २०७४ कार्तिक महिनासम्म विभिन्न सञ्चारमाध्यममा प्रकाशित बालसंरक्षणसँग सम्बन्धित घटनाहरुलाई संकलन गरी यो प्रतिवेदन तयार पारिएको छ। यसमा प्रविष्ट गरिएका घटनाहरु प्रतिनिधिमूलक मात्र भएको कारण नेपालमा भएका घटनाहरु यतिमात्रै हुन भन्न मिल्दैन। यी नै सम्पूर्ण होइनन् तथापि यस विश्लेषणले नेपालमा बालअधिकार संरक्षणको अवस्थालाई अध्ययन गर्न केही सहयोग पुऱ्याउने विश्वास गरिएको छ।

सञ्चार माध्यम अन्तर्गत छापा र अनलाईन पोर्टलहरुलाई प्रमुख आधार बनाई यो प्रतिवेदन तयार पारिएको छ । यस अवधिमा अनुगमन गरिएका छापा माध्यम अन्तर्गत केन्द्रीयस्तरबाट प्रकाशन हुने दैनिकहरुमा कान्तिपुर, अन्नपुर्ण पोस्ट्, नागरिक, नयाँ पत्रिका, द हिमालयन टाईम्स, द काठमाडौं पोष्ट र कारोवार रहेका छन् भने अनलाईन पोर्टलहरुमा अनलाईन खबर, उज्यालो अनलाईन, रातोपाटी, सेतोपाटी, जनता खबर, लोकान्तर, ई-कान्तिपुर, नागरिक न्युज, एजुकेशन खबर, सिआईएन नेटवर्क रहेका छन् । यस चार महिनाको अवधिमा सञ्चार माध्यममा प्रकाशित बालअधिकार हनन्का विभिन्न घटना र प्रभावित बालबालिकाको संख्यालाई समेटने प्रयास गरिएको छ। बालअधिकार हनन्का घटनाहरुलाई सञ्चार माध्यमले प्राथमिकतामा राखि प्रकाशित गर्नुलाई सकारात्मक रुपमा लिन सकिन्छ। तर यस्ता बालअधिकार उल्लंघनका घटनाहरु समाजमा भइरहनु भने दुःखद पक्ष हो।

## (क) बालयौन दुर्व्यवहार र बलात्कार

यस अवधिमा विभिन्न सञ्चार माध्यममा ४५ जना बालबालिका बलात्कार भएका घटनाहरु प्रकाशमा आएका छन्। जसमा १ जना बालक मोरङ जिल्ला दाजु (ठुलो बुबाको छोरा) बाट यौन दुर्व्यवहारमा परेका छन्।






जसमध्ये ९ प्रतिशत (४ जना) बालिका सामूहिक बलात्कार र ९१ प्रतिशत (४१ जना) बलात्कारबाट पीडित भएका छन् ।

सो घटनाहरुलाई विश्लेषण गर्दा सबैभन्दा बढी चिनजानको व्यक्तिबाट ३८ प्रतिशत ( १७ जना) बालिका बलात्कार भएका छन् । त्यसैगरी छिमेकीबाट ३३ प्रतिशत (१५ जना), आफ्नै बुबाबाट १३ प्रतिशत (६ जना), शिक्षकबाट ९ प्रतिशत (४ जना), घरेलु श्रमिकलाई मालिकबाट ५ प्रतिशत (२ जना) र प्रहरीबाट १ जना बालिका बलात्कार भएका छन् । बलात्कारका घटनाहरुलाई महिनाका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी असोज महिनामा १५ बालिका बलात्कार भएका छन् भने अन्य महिनामा साउनमा ११, कार्तिकमा १० जना, र भदौ महिनामा ६ जना बालिका बलात्कार भएका छन् ।

बलात्कारमा संलग्न अभियुक्तमध्ये ८ जना बालकलेनै बलात्कार गरेको देखिन्छ भने २६ जना वयस्क र ११ जना वृद्ध (८४ वर्षको पुरुष) समेतबाट बालबालिका पीडित भएका छन् । ३ जना बालिकाको बलात्कारपछि बलात्कारमा संलग्न व्यक्तिद्वारा हत्या गरिएको छ । उमेर समूहका आधारमा विश्लेषण गर्दा २ देखि ६ वर्ष उमेरका ६ प्रतिशत (३ जना), ७ देखि १० वर्षका २७ प्रतिशत (१२ जना) र ११ देखि १८ वर्षका ६७ प्रतिशत (३० जना) बालिका बलात्कृत भएका छन् । जम्मा यस अवधिमा २८ जिल्लामा भएका घटनाहरुमध्ये जिल्लागत रुपमा बालबालिका बलात्कार भएका जिल्ला र संख्यालाई तलको तालिका देखाइएको छ ।


**जिल्लागत विवरण:**

| **जिल्लागत रुपमा** | |
|---|---|
| काठमाडौं, भोजपुर, पर्सा र महोत्तरीमा ४ वटा बलात्कारका घटना | १६ |
| दोलखा, चितवन, काभ्रे, धनुषा र गोरखामा २ वटा | १० |
| दैलेख, झापा, लमजुङ, कैलाली, भक्तपुर, मुगु, पाँचथर, गुल्मी, जाजरकोट, नुवाकोट, रामेछाप, मोरङ, सुनसरी, खोटाङ्ग, उदयपुर, कास्की, ललितपुर, सिराहा र बाँके | १९ |
| **जम्मा** | **४५** |

## (ख) हत्या, आत्महत्या र डुबेर मृत्युः

यस चार महिनाको अवधिमा विभिन्न कारणले गर्दा ९० जना बालबालिकाको मृत्यु भएको घटना प्रकाशमा आएका छन् । महिनाको आधारमा हेर्दा सबैभन्दा बढी साउन महिनामा ३३ जना बालबालिकाको मृत्यु भएको देखिन्छ भने अन्य महिनाहरुमा असोज, कार्तिक र भदौमा क्रमशः २२ जना, २० जना र १५ जना बालबालिकाको मृत्यु भएको छ ।

यस अवधिमा प्रकाशमा आएका घटनाहरुलाई विश्लेषण गर्दा ९० जना बालबालिकाको हत्या, आत्महत्या र डुबेर मृत्यु भएको देखिन्छ । यस अवधिमा ४२ जना बालबालिकाको हत्या भएको घटना प्रकाशमा आएको छ । हत्या भएका उक्त बालबालिका मध्ये १० जना नवजात शिशुको हत्या भएको छ । ६ जना बालबालिकालाई मानसिक सन्तुलन गुमाएका अभिभावकबाट हत्या गरिएको छ भने ७ जना बालबालिकाका पारिवारिक रिसिवीको कारण तथा ६ जना बालबालिकालाई बिष सेवन गराइ हत्या गरिएको छ । त्यसैगरी ६ जना बालबालिकाको आमाबुबाले आफ्ना सन्तानको हत्या गरी स्वयं समेतले आत्महत्या गरेको देखिन्छ । जस अन्तर्गत १ जना बालकको बुबाले ढुकुटीका कारण डुबेको पैसाको ऋण तिर्न नसकि ७ वर्षे छोराको हत्या गरी आत्महत्या समेत गरेको घटना प्रकाशमा आएको छ । मदिरा सेवन गरी ५ जना बालबालिकाको घाँटी च्यापी हत्या गरिएको छ भने २ जना बालकको आफ्नै बुबाले रिसको झोकमा बन्चरोले हानी हत्या गरेको छ । हत्या गरिएका बालबालिकामध्ये ५९.५२ (२५ जना बालक) र ४०.४७ (१७ जना बालिका) रहेका छन् ।





खोला तथा पोखरीमा डुबेर मृत्यु भएका १८ जना बालबालिका मध्ये खोला तर्ने क्रममा वर्षाको समयमा आएको भेलमा ७ जना बालबालिकाको मृत्यु भएको छ र पौडी खेल्ने क्रममा नदि, खोला र पोखरीमा ११ जना बालबालिकाको डुबेर मृत्यु भएको छ । २० जना बालबालिकाको वर्षाको समयमा

सडक निर्माण गर्दा अव्यवस्थित खाल्डोमा परी अकालमै ज्यान गुमाएको देखिन्छ । खाल्डोमा परेर मृत्यु भएका बालबालिकामध्ये ४ वर्षदेखि १४ वर्षका ११ बालक र ९ बालिकाको मृत्यु भएको छ । खाल्डोमा परी मृत्यु भएका बालबालिकाहरुलाई जिल्लागतरुपमा हेर्दा सबैभन्दा बढी रौतहटमा ८ जना बालबालिका, सर्लाहीमा ३ जना, बारा र रुपन्देहीमा २/२ जना, काठमाडौं, ललितपुर, दार्चुला, कैलाली र झापामा १/१ जना बालबालिकाको सडक खाल्डोमा परी मृत्यु भएको छ ।
साथै यस अवधिमा १० जना आत्महत्या गरेका बालबालिकाहरु अन्तर्गत पारिवारिक तनाव, प्रेम सम्बन्ध, पढाईमा कमजोर, बालविवाह पश्चात् परिवारले अलग गरेको कारण ७ बालिका र ३ बालकले आत्महत्या गरेका समाचार प्रकाशमा आएका छन् ।

**(ग) बालविवाहः**


सूचना र प्रविधिको विकाससँगै पछिल्लो समय उमेर नपुग्दै विवाह गर्ने परिपाटीमा परिवर्तन आएको देखिन्छ । नेपाल सरकारले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ लागू गरी सो सम्बन्धी विविध कार्यक्रम सञ्चालनमा ल्याएको छ ।
यद्यपि विभिन्न प्रयासहरु हुँदाहुँदै पनि बालविवाहका घटनाहरुमा कमी आएको देखिँदैन ।
यस चार महिनाको अवधिमा विभिन्न जिल्लामा ३२ वटा बालविवाह भएका घटनाहरु प्रकाशमा आएका छन् । जस अन्तर्गत असोज महिनामा सबैभन्दा बढी १२ वटा बालविवाह भएको देखिन्छ भने अन्य महिनाहरुमा साउन, भदौ र कार्तिकमा क्रमशः १०, ८ र २ वटा घटना भएको देखिन्छ ।




बालविवाहका घटनाहरुको वर्गीकरण गर्दा बालक र बालिका दुबैले उमेर नपुग्दै विवाह गरेको घटना सबैभन्दा बढी पाइएको छ । जस अन्तर्गत ५३ प्रतिशत विवाह (१७ घटना) बालबालिकाबीच भएको देखिन्छ । त्यसैगरी बालिका र वयस्क पुरुषबीच ३८ प्रतिशत (१२ घटना) विवाह भएको छ भने ९ प्रतिशत (३ घटना) अनमेल (वृद्ध) विवाह भएको छ ।
बालविवाहका ३२ घटनामध्ये अभिभावकद्वारा ६१ प्रतिशत (१९ घटना) र भागी विवाह ३९ प्रतिशत (१२ घटना) भएको छ ।

बालविवाहका घटनाहरुलाई जिल्लागत रुपमा हेर्दा हुम्ला जिल्लामा सबैभन्दा बढी ९ वटा बालविवाह भएको छ । त्यसैगरी अन्य जिल्लाहरुमा गोरखा र प्यूठानमा ६/६ वटा, चिनवनमा ३ वटा, कालिकोट र रुपेन्देहीमा २/२ वटा र पर्सा, कपिलवस्तु, सुनसरी, म्याग्दीमा १/१ वटा बालविवाह भएका घटना प्रकाशमा आएका छन् ।

## (घ) बालश्रम:




नेपाल सरकारद्वारा बालश्रममुक्त समाज निर्माणका लागि विभिन्न ऐन कानूनको व्यवस्थाका साथै अनुगमन तथा नियमनमा जोड दिएको छ । बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ । १४ वर्ष उमेर नपुगेका बालबालिकालाई भने कुनैपनि स्वरुपमा श्रमिकका रुपमा काममा लगाउन नहुने व्यवस्था गरेको छ । २०७४ साउनदेखि २०७४ कार्तिकसम्म बालश्रमसम्बन्धी १३ वटा घटनाहरु मात्र बाहिर आएका छन् । यस चार महिनाको अवधिमा साउनमा ६, असोजमा ३, भदौ र कार्तिकमा २/२ जना बालबालिकालाई बालश्रममा प्रयोग गरिएको छ । बालबालिकालाई श्रममा प्रयोग गरिएको प्रकृतिलाई हेर्दा घरेलु तथा होटलमा श्रमिकको रुपमा सबैभन्दा बढी ५४ प्रतिशत (७ जना) रहेको छ भने ईट्टा उद्योगमा ३१ प्रतिशत (४ जना) र को लागूऔषधी ओसारपसारमा १५ प्रतिशत (२ जना) बालक रहेका छन् । बालश्रमिकको रुपमा प्रयोग गरिएका बालबालिकामा बालक ३८ प्रतिशत (५ जना) र बालिका ६२ प्रतिशत (८ जना) रहेका छन् । उमेर समूहका आधारमा १० वर्ष मुनिको १५ प्रतिशत (२ जना), ११ देखि १४ वर्षको ५४ प्रतिशत (७ जना) र १५ देखि १८ वर्षको ३१ प्रतिशत (४ जना) रहेका छन् ।

## (ङ) अपहरण:

यस अवधिमा ५ जना बालबालिकाको अपहरण गरेका घटनाहरु प्रकाशमा आएका छन् । अपहरण गरिएका ५ बालबालिकामध्ये १ जनाको अपहरणपछि हत्या गरिएको छ भने अन्य ४ जनाको अपहरण पश्चात मुक्त गरिएको छ । उमेर समूहका आधारमा विश्लेषण गर्दा सबै भन्दा सानो ७ वर्षको बालकको हत्या गरिएको छ । २

जना बालबालिका १० वर्षमुनिका थिए भने ११ वर्षदेखि १४ वर्षका १ जना र सोभन्दा माथि १ जना रहेका छन् । अपहरण भएका बालबालिकामध्ये ४० प्रतिशत बालक (२ जना) तथा ६० प्रतिशत बालिका (३ जना) रहेका छन् । उक्त घटनाहरुमध्ये काठमाडौंमा ३ जना र उपत्यका बाहिर २ जना रहेका छन् ।
यसका अतिरिक्त अपहरणसँग सम्बन्धित केहि पछिल्ला घटनाहरुलाई पनि प्रतिनिधिमूलक रुपमा लिन सकिन्छ । उदाहरणका लागि, त्रिपुरेश्वरस्थित विश्वनिकेतन माध्यमिक विद्यालयबाट अपहरणमा परेका ५ विद्यार्थी अपहरण गरेर लैजाने क्रममा अपहरणकारीले उनीहरुलाई केही नबोल्न चेतावनी दिएता पनि शंखमूल पुलबाट पारी लैजान खोजेपछि एक विद्यार्थी "हेल्प मी" भनेर चिच्याएपछि स्थानीयहरुले सहयोग गर्न खोजेपछि अपहरणकारीहरु बालबालिकालाई ट्याक्सीमै छोडेर भागेका थिए ।

**(च) कुपोषणः**

विभिन्न जिल्लामा कुपोषित बालबालिकाको संख्या वृद्धि भएको पाइएको छ । बालबालिकाको स्वास्थ्य परीक्षण गर्दा उनीहरु कुनै न कुनै किसिमको कुपोषणको शिकार भएको पाइन्छ । बाँके नेपालगञ्जस्थित, बनकट्टी बाबुपुर्वामा १० जनाभन्दा बढी बालबालिका कुपोषणको समस्याबाट ग्रसित रहेका छन् । उनीहरुको तौल र उचाई नभएको, शारीरिक एवम् बौद्धिकता कमजोर भएको देखिएको छ । जिल्ला जनस्वास्थ्य कार्यालय बाराका अनुसार आ.व. २०७३/७४ मा १ वर्षमुनिका १ सय २४ बालबालिका अति जोखिममा परेको, ५ सय ८१ जना जोखिममा र १० हजार ५ सय ८७ सामान्य जोखिममा रहेका विवरण जानकारीमा आएको छ । त्यस्तै एक वर्षमाथि र दुई वर्षमुनिका १ सय ७ जना अति जोखिम, ४ सय १० जोखिम र ७ हजार सामान्य जोखिममा रहेको तथ्याङ्क देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार जिल्लामा ३ हजारभन्दा बढी बालबालिका कुपोषणबाट ग्रसित छन् । जसमध्ये ७ सय ६८ जना बालबालिका कडाखाले शीघ्र कुपोषणबाट ग्रस्त र २ हजार ४ सय ९६ जना बालबालिका मध्यमखाले शीघ्र कुपोषणमा रहेको देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय दोलखाका अनुसार १५ जना बालबालिका अहिले पनि

कुपोषणको समस्यामा छन् भने १ सय ९० जना बालबालिका र १ सय ८० भन्दा धेरै सुत्केरी तथा गर्भवती महिलाहरु कुपोषणबाट ग्रस्त छन् । जिल्ला स्वास्थ्य कार्यालय मुगुका अनुसार १० हजार २ सय २५ बालबालिकाको स्वास्थ्य परीक्षण गर्दा ९ सय ८२ अति कुपोषित भेटिए भने मध्यम कुपोषण लागेका २ हजार ४ सय ६७ र सामान्य कुपोषण लागेका ३ हजार ८ सय १ जना बालबालिका रहेका छन् ।

**(छ) गर्भपतनः**

कानूनले लिङ्ग पहिचानको आधारमा गर्भपतन गराउने उद्देश्यले भ्रूणको लिङ्ग पहिचान गराएमा गर्ने, गराउने दुवैलाई ६ महिनादेखि २ वर्षसम्म कैदको व्यवस्था गरेको छ । यसैगरी लिङ्गको आधारमा गर्भपतन गर्ने, गराउने दुवैलाई एक वर्ष कैद तोकेको छ र पनि काठमाडौं लगायत विभिन्न जिल्लामा गर्भपतन गराउनेको संख्या वृद्धि हुँदै गएको पाइन्छ । अवैध सम्बन्ध, गलत सामाजिक मूल्य मान्यता, छोराको चाहना अनि प्रविधिको गलत प्रयोगका कारण गर्भपतन गर्नेको क्रम बढेको देखिन्छ । गर्भपतन गराउनेमा शिक्षित महिलादेखि ग्रामीण महिलासम्म रहेका छन् । छोराको आशमा ५ पटकसम्म गर्भपतन गराई रुपन्देही मर्चवारीकी २५ वर्षीया माया (नाम परिवर्तन) उदाहरण पात्र मात्र हुन् । जिल्ला स्वास्थ्य कार्यालय बनेपाको अनुसार गर्भपतन गराउनेको संख्या ३० प्रतिशतले वृद्धि भएको छ । आ.व २०७३/०७४ मा मात्र गर्भपतन गराउनेको संख्या १ हजार ५ सय २८ पुगेको छ ।